विधेयक सङ्ख्या:

कर्णाली प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत

# कर्णाली प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

२०८०

## कर्णाली प्रदेश सभा सचिवालय

वीरेन्द्रनगर, सुर्खेत

# उद्देश्य र कारण

प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न केही राजस्व, कर र शुल्क लगाउन आवश्यक भएकोले प्रस्तुत विधेयक पेश गर्नु परेको हो।

यस विधेयकले राजस्व, कर र शुल्कको निर्धारण गर्ने कर, शुल्कको दर बढाउने, घटाउने, आंशिक वा पुरै छुट दिने व्यवस्था समेत गरेको छ।

**द्रष्टव्यः** यो अर्थ सम्बन्धी विधेयक हो।

मन्त्री

बेदराज सिंह
मन्त्री
आर्थिक मामिला तथा योजना मन्त्रालय
कर्णाली प्रदेश, सुर्खेत

मितिः २०८०।०३।०१

# आर्थिक टिप्पणी

आर्थिक वर्ष २०८०/०८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त कर लगाउने, राजस्व सङ्कलन गर्ने, राजस्व प्रशासन सम्बन्धी कानूनी व्यवस्था गर्ने, कर तथा गैरकरका दरहरु निर्धारण गर्ने र कर्णाली प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्ने उद्देश्यले यो विधेयक तर्जुमा गरिएको हो। प्रस्तुत विधेयकको दफा ३ मा घरजग्गा रजिस्ट्रेसन शुल्क, दफा ४ मा सवारी साधन कर, दफा ५ मा मनोरञ्जन कर, दफा ६ मा विज्ञापन कर, दफा ७ मा कृषि सेवा शुल्क र दफा ८ मा पर्यटन शुल्क सम्बन्धी व्यवस्था गरिएको छ। त्यसैगरी दफा ९ मा निर्माण सामग्रीको प्रयोगशाला परिक्षण शुल्क, दफा १० मा दहत्तर बहत्तर शुल्क, दफा ११ मा आवेदन शुल्क, दफा १२ मा राजस्व सम्बन्धी अन्य व्यवस्था, दफा १३ मा करको दर घटाउन, बढाउन वा छुट दिन सकिने, दफा १४ मा कर तथा शुल्क मिनाहा र दफा १५ मा घरजग्गा रजिस्ट्रेसन शुल्कको अन्तरिम प्रशासन सम्बन्धी व्यवस्था गरिएको छ। कर्णाली प्रदेशको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको प्रस्तुत विधेयक ऐन बनी कार्यान्वयनमा आउँदा कर्णाली प्रदेशको राजस्व अभिवृद्धिमा योगदानमा पुग्ने व्यहोरा पेस गर्दछु।

मन्त्री

बेदराज सिंह
मन्त्री
आर्थिक मामिला तथा योजना मन्त्रालय
कर्णाली प्रदेश, सुर्खेत

कर्णाली प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयकको प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

| क्र. सं. | विधेयकको दफा वा उपदफा | प्रत्यायोजित व्यवस्थापन | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापनको प्रभाव |
|---|---|---|---|---|
| १. | दफा १० को उपदफा (५) | प्रदेश सरकारले गाउँपालिका वा नगरपालिकाबाट दहत्तर बहत्तर सङ्कलन गर्दा अपनाउनु पर्ने कार्यविधि बनाई जारी गर्नु पर्नेछ। | कार्यविधिगत व्यवस्थाहरु ऐनमा समावेश गर्न उपयुक्त नहुने भएको। | ऐनमा भएका व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयनमा सहजता भएको हुने। |
| २. | दफा १६ | निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्ने। | मापदण्ड तोक्ने र कार्यविधिगत व्यवस्था ऐनमा समावेश गर्न उपयुक्त नहुने भएको। | ऐनमा भएका व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयनमा सहजता भएको हुने। |

मन्त्री

बेदराज सिंह
मन्त्री
आर्थिक मामिला तथा योजना मन्त्रालय
कर्णाली प्रदेश, सुर्खेत

## कर्णाली प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावनाः** कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८०/०८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न, राजस्व सङ्कलन गर्न, कर घटाउन, बढाउन, छुट दिन तथा राजस्व प्रशासन सम्बन्धी कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "कर्णाली प्रदेश आर्थिक ऐन, २०८०" रहेको छ।

(२) यो ऐन संवत् २०८० साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "घरजग्गा रजिस्ट्रेसन शुल्क" भन्नाले रजिस्ट्रेसन दस्तुर, सेवा शुल्क र घरजग्गा रोक्का दस्तुर सम्झनु पर्छ।

(ख) "प्रदेश" भन्नाले कर्णाली प्रदेश सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनु पर्छ।

(घ) "सवारी साधन" भन्नाले इन्धन वा ऊर्जा प्रयोग गरी यान्त्रिक शक्तिबाट सडकमा चल्ने सवारी साधन सम्झनु पर्छ।

(ङ) "स्थानीय तह" भन्नाले कर्णाली प्रदेशभित्रका नगरपालिका वा गाउँपालिका सम्झनु पर्छ।

मन्त्री

३. **घरजग्गा रजिस्ट्रेसन शुल्कः** (१) कर्णाली प्रदेशभित्र घर, जग्गा वा घरजग्गा रजिस्ट्रेसन गर्दा अनुसूची-१ बमोजिम घरजग्गा रजिस्ट्रेसन शुल्क लगाइनेछ।

(२) घरजग्गा रजिस्ट्रेसन शुल्क रजिस्ट्रेसन गर्दाको बखत स्वामित्व प्राप्त गर्ने व्यक्तिले बुझाउनु पर्नेछ।

(३) घरजग्गा रजिस्ट्रेसन शुल्क प्रत्येक कारोबारको लिखतमा उल्लेख भएको रकम वा सो प्रयोजनको लागि निर्धारण गरिएको न्यूनतम रकममध्ये जुन बढी हुन्छ सो रकममा लाग्नेछ।

(४) घरजग्गा रजिस्ट्रेसन शुल्क घर, जग्गा वा घरजग्गा रहेको स्थानीय तहले उठाउनेछ।

(५) उपदफा (४) बमोजिम उठाएको घरजग्गा रजिस्ट्रेसन शुल्क स्थानीय विभाज्य कोषमा जम्मा गरी सो रकममध्ये साठी प्रतिशतले हुन आउने रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा र बाँकी चालिस प्रतिशतले हुन आउने रकम प्रदेश सञ्चित कोषमा मासिक रूपमा जम्मा गर्नु पर्नेछ।

(६) स्थानीय तह वा मालपोत कार्यालयले घरजग्गा रजिस्ट्रेसन पारित गर्दाको अवस्थामा नेपाल सरकारले तोकेको दरमा पुँजीगत लाभकर असुल गरी राजस्व खातामा जम्मा गर्नु पर्नेछ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र सरकारी निकायलाई घर, जग्गा वा घरजग्गा रजिस्ट्रेसन गर्दा कुनै शुल्क लाग्ने छैन।

४. **सवारी साधन करः** (१) प्रदेश सरकारले सवारी साधनमा अनुसूची-२ बमोजिम सवारी साधन कर लगाई असुल उपर गरिनेछ।

मन्त्री

कर्णाली प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत

(२) उपदफा (१) बमोजिम सवारी साधन कर लगाउँदा सवारी साधनको प्रकृति र क्षमताका आधारमा समान प्रकृतिको सवारी साधनलाई समान दर कायम हुने गरी लगाइनेछ।

(३) सवारी साधन धनीले आफ्नो स्थायी ठेगाना वा बसाईंसराइ गरेको स्थान, रोजगार वा व्यवसायको सिलसिलामा तत्काल बसोबास गरेको स्थान वा कारोबार दर्ता रहेको स्थानमा रहेको प्रदेशको यातायात व्यवस्था कार्यालय वा यातायात व्यवस्था सेवा कार्यालयमा कानून बमोजिम सवारी साधन दर्ता गरी सवारी साधन कर बुझाउनु पर्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा सम्बन्धित स्थानीय तहले सवारी साधन कर लगाउन र उठाउन सक्नेछ।

५. **<u>मनोरञ्जन कर</u>:** (१) प्रदेश सरकारले चलचित्र घर, भिडियो घर, साँस्कृतिक प्रदर्शन घर, फनपार्क, अन्य पार्क, वाटर गार्डेन, बाल उद्यान, दोहोरी साँझ, डान्सबार, फुटसल, जुम्बा, नाइट क्लब, मसाज, स्पा, जीपलाईन, बन्जीजम्प, प्याराग्लाइडिङ्, पौडीपोखरी र कन्सर्ट जस्ता मनोरञ्जन स्थलमा देखाइने मनोरञ्जनका साधनमा अनुसूची-३ बमोजिम मनोरञ्जन कर लगाई असुल उपर गर्नेछ।

(२) अनुसूची-३ को सि.नं. १, २, ३ र ४ मा उल्लिखित मनोरञ्जन कर महिना समाप्त भएको मितिले पच्चीस दिनभित्र सम्बन्धित स्थानीय तहमा बुझाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र मनोरञ्जन कर नबुझाउने करदातालाई सम्बन्धित स्थानीय तहले त्यस्तो अवधि समाप्त भएको तीन महिनासम्म कर रकमको वार्षिक दश प्रतिशत र

मन्त्री

सो अवधि पछि वार्षिक पन्ध्र प्रतिशतका दरले ब्याज लगाई त्यस्तो रकम असुल उपर गर्नु पर्नेछ।

(४) यस दफा बमोजिम सङ्कलन भएको कर रकम स्थानीय विभाज्य कोषमा राखी सो रकममध्ये साठी प्रतिशतले हुन आउने रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा र बाँकी चालिस प्रतिशतले हुन आउने रकम प्रदेश सञ्चित कोषमा मासिक रूपमा जम्मा गर्नु पर्नेछ।

(५) यस दफा बमोजिमको कर प्रशासनको जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ।

६. **विज्ञापन कर:** (१) प्रदेशभित्र विज्ञापन सामग्री राखे बापत सम्बन्धित स्थानीय तहले विज्ञापन कर लगाई असुल उपर गर्नेछ।

**स्पष्टीकरण:** यस दफाको प्रयोजनको लागि "विज्ञापन सामग्री" भन्नाले होर्डिङ्ग बोर्ड, साइन बोर्ड, ब्यानर, ट्राई भिजन बोर्ड, ग्लो बोर्ड, धातुको फ्रेम, नियोन, डिजिटल डिस्प्ले, भित्ते लेखन, तुल, खम्बा वा सवारी साधनमा राखिने सामग्री, पोष्टर तथा बेलुन जस्ता सामग्री र विद्युतीय माध्यमबाट गरिने विज्ञापन सम्झनु पर्छ।

(२) विज्ञापन सामग्री राख्न चाहने व्यक्तिले सम्बन्धित स्थानीय तहमा निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन पर्न आएमा स्थानीय तहले सर्वसाधारण जनताको अहित हुने नदेखेमा विज्ञापन कर लिई विज्ञापन सामग्री राख्न अनुमति दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम अनुमति दिंदा विज्ञापन राख्न पाउने अवधि, नवीकरण गर्नु पर्ने समय, नवीकरण नगरेमा लाग्ने शुल्क, वातावरणीय स्वच्छता एवम् सौन्दर्यता, सार्वजनिक यातायातमा पर्न

मन्त्री

सक्ने असर, सामग्रीको भाषिक शुद्धता, शालीनता र आकार जस्ता विषयमा आवश्यक शर्त तोक्न सक्नेछ।

(५) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा सरकारी संस्थाका जग्गा वा सम्पत्ति प्रयोग गरी राखिएका विज्ञापन सामग्रीमा विज्ञापन कर उठाउनु अघि सम्बन्धित स्थानीय तहले त्यस्तो निकायको सहमति लिनु पर्नेछ।

(६) स्थानीय तहले सरकारी जग्गामा अनुमति नलिई राखिएका विज्ञापन सामग्री हटाई सम्बन्धित विज्ञापनकर्तालाई जरिवाना गर्न सक्नेछ।

(७) व्यापारिक वा व्यावसायिक प्रयोजनका लागि राखिएका विज्ञापनमा लागेको विज्ञापन कर छुट वा मिनाहा हुने छैन।

(८) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले राखेका विज्ञापनमा विज्ञापन कर लाग्ने छैन।

(९) यस दफा बमोजिम विज्ञापन करबाट उठेको रकम स्थानीय विभाज्य कोषमा राखी सो रकममध्ये साठी प्रतिशतले हुन आउने रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा र बाँकी चालिस प्रतिशतले हुन आउने रकम प्रदेश सञ्चित कोषमा मासिक रूपमा जम्मा गर्नु पर्नेछ।

(१०) विज्ञापन कर असुली सम्बन्धी अन्य व्यवस्था स्थानीय तहको कानून बमोजिम हुनेछ।

७. **कृषि सेवा शुल्क:** (१) प्रदेशले आफ्नो क्षेत्रभित्र कृषि सेवा उपलब्ध गराए बापत अनुसूची-४ बमोजिम कृषि सेवा शुल्क लिनेछ।

मन्त्री

(२) उपदफा (१) बमोजिमको कृषि सेवा शुल्क प्रदेश सरकारका कार्यालयबाट सङ्कलन गरिनेछ।

८. **<u>पर्यटन शुल्कः</u>** (१) प्रदेश सरकारले निर्माण गरी सञ्चालनमा रहेका पर्यापर्यटन तथा पर्यटकीय क्षेत्रबाट उठ्ने रकमको बिस प्रतिशतले हुन आउने रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

(२) प्रदेशभित्र सञ्चालित प्रदेशस्तरिय सङ्ग्रहालयको प्रवेश बापत प्रति व्यक्ति बिस रुपैयाँ प्रवेश शुल्क लाग्नेछ। विद्यार्थीका लागि त्यस्तो शुल्कमा पचास प्रतिशत छुट हुनेछ।

(३) उपदफा (२) बमोजिमको शुल्क प्रदेश सरकारले सङ्कलन गर्नेछ।

९. **<u>निर्माण सामग्रीको प्रयोगशाला परीक्षण शुल्कः</u>** (१) निर्माण सामग्रीको प्रयोगशाला परीक्षण बापत अनुसूची-५ बमोजिम प्रयोगशाला परिक्षण शुल्क लिइनेछ।

(२) उपदफा (१) बमोजिम उठाउने रकम सम्बन्धित निकायले प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ।

१०. **<u>दहत्तर बहत्तर शुल्कः</u>** (१) प्रचलित संघीय कानूनमा अन्य व्यवस्था गरेकोमा बाहेक प्राकृतिक स्रोतमध्ये प्रदेशले आफ्नो क्षेत्रभित्र अनुसूची-६ बमोजिम दहत्तर बहत्तर सङ्कलन शुल्क लगाउने र असुल उपर गर्नेछ।

**<u>स्पष्टीकरण</u>**: यस दफाको प्रयोजनको लागि "दहत्तर बहत्तर" भन्नाले नदी, खोल्सा खोल्सी, वन क्षेत्र वा सार्वजनिक वा निजी जग्गाबाट उत्खनन् वा सङ्कलन गरिने बहुमूल्य वस्तु बाहेकका नदीले बगाई

मन्त्री

ल्याएको वा थिग्रिएको ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, काठ, कुकाठ, दाउरा, जराजुरी जस्ता नदीजन्य तथा खानीजन्य प्राकृतिक स्रोत सम्झनु पर्छ।

(२) स्थानीय तहले आफ्नो क्षेत्रभित्र दहत्तर बहत्तर सङ्कलन गर्नु अघि वातावरण सम्बन्धी प्रचलित कानून बमोजिम आवश्यक पर्ने स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन र कार्ययोजना प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन र कार्ययोजना प्राप्त भएमा प्रदेश सरकारले नेपाल सरकारको नीति अनुसार वातावरणमा प्रतिकूल असर नपर्ने र सर्वसाधारण जनताको हित हुने देखेमा स्थानीय तहलाई त्यस्तो क्षेत्रमा दहत्तर बहत्तर सङ्कलन गर्न वा गराउन सर्त सहित स्वीकृति दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम स्वीकृति प्राप्त भएमा स्थानीय तहले त्यस्तो क्षेत्रमा दहत्तर बहत्तर सङ्कलन गर्न वा गराउन सक्नेछ।

(५) स्थानीय तहले दहत्तर बहत्तर सङ्कलन र व्यवस्थापन गर्दा प्रदेश सरकारले बनाएको कार्यविधि बमोजिम गर्नु पर्नेछ।

(६) दहत्तर बहत्तर सङ्कलनबाट उठेको शुल्क स्थानीय विभाज्य कोषमा राखी सो रकममध्ये साठी प्रतिशतले हुन आउने रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा र बाँकी चालिस प्रतिशतले हुन आउने रकम प्रदेश सञ्चित कोषमा मासिक रूपमा जम्मा गर्नु पर्नेछ।

**११.** **<u>आवेदन शुल्कः</u>** प्रदेश सरकार र मातहतका निकायमा सूचना प्रकाशन गरी जनशक्ति सेवा करारमा लिंदा सहायकस्तर पाँचौं तहसम्म एक सय

मन्त्री

पचास रुपैयाँ र सोभन्दा माथिको तहमा तीन सय रुपैयाँ आवेदन शुल्क लिइनेछ।

१२. **राजस्व सम्बन्धी अन्य व्यवस्था:** (१) कर तथा शुल्क उठाउने विषयगत कानून तर्जुमा नहुँदासम्म प्रदेश सरकारका मन्त्रालय वा निकायले प्रदान गर्ने सेवा बापत मन्त्रालयको सहमति लिई सेवाको प्रकृति अनुसार कार्यविधि बनाई सेवा शुल्क लगाउन सक्नेछन्।

(२) उपदफा (१) बमोजिम सङ्कलित सेवा शुल्क सम्बन्धित मन्त्रालय वा निकायले प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

१३. **करको दर घटाउन, बढाउन वा छुट दिन सकिने:** (१) प्रचलित प्रदेश कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले आवश्यकता अनुसार यो ऐन र अन्य कानून बमोजिम लगाइएका शुल्क र करको दर घटाउन, बढाउन वा त्यस्तो शुल्क र कर आंशिक वा पूर्ण रूपमा छुट दिन सक्नेछ। त्यसरी दर घटाइएको, बढाइएको वा छुट दिइएको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम करको दर घटाइएको, बढाइएको वा कुनै शुल्क र कर आंशिक वा पूर्ण रूपमा छुट दिइएको विवरण प्रत्येक वर्ष मन्त्रालयले प्रदेश सभामा पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम दिइएको पूर्ण वा आंशिक कर छुट सुविधाको कसैले दुरूपयोग गरेमा वा कुनै खास प्रयोजनको लागि छुट सुविधामा प्राप्त गरेको मालवस्तु अन्य प्रयोजनमा प्रयोग गरेमा त्यसरी छुट दिइएको शुल्क र कर रकम असुल उपर गरी सो रकम बराबर जरिवाना गरिनेछ।

मन्त्री

१४. **<u>कर तथा शुल्क मिनाहा सम्बन्धी व्यवस्था:</u>** (१) दुई वा दुईभन्दा बढी पक्षले आपसी सहमतिमा कृषि प्रयोजनका लागि जग्गाको चक्लाबन्दी गर्न हक हस्तान्तरण गर्दा लाग्ने रजिस्ट्रेसन शुल्कमा पचास प्रतिशत छुट हुनेछ।

(२) सुर्ती र मदिराजन्य बाहेकका प्रदेशभित्र स्थापना तथा सञ्चालन हुने उत्पादनमूलक उद्योगको नाममा खरिद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिस्ट्रेसन शुल्क शत प्रतिशत छुट हुनेछ।

(३) उपदफा (१) र (२) बमोजिम जुन प्रयोजनको लागि छुट प्राप्त गरेको हो सो भन्दा अन्य प्रयोजनमा प्रयोग गरेमा छुट बराबरको शुल्क असुल उपर गरी सतप्रतिशत जरिवाना लाग्नेछ।

१५. **<u>घरजग्गा रजिस्ट्रेसन शुल्कको अन्तरिम प्रशासन:</u>** घरजग्गा रजिस्ट्रेसन शुल्क सङ्कलन गर्न स्थानीय तहमा स्रोत, साधन, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएको अवस्थामा नेपाल सरकारले तोकेको कार्यालयले यस ऐनले निर्धारण गरे बमोजिमको कर तथा शुल्क उठाई सम्बन्धित विभाज्य कोष वा सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

१६. **<u>निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्ने:</u>** यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ।

मन्त्री

अनुसूची-१

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

## घरजग्गा रजिस्ट्रेसन शुल्क

**क. घरजग्गा रजिस्ट्रेसन दस्तुर :**

| सि. नं. | लिखतको प्रकार | रजिस्ट्रेसन दस्तुरको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | |
|---|---|---|---|
| | | नगरपालिका क्षेत्रको दस्तुर | गाउँपालिका क्षेत्रको दस्तुर |
| १. | राजीनामा, सट्टापट्टा र सगोलनामाको लिखत | | |
| | (क) राजीनामा, सट्टापट्टा र सगोलनामाको लिखतको थैली अङ्कमा | ५% | २.५% |
| | (ख) सामूहिक आवास योजना अन्तर्गत निर्मित भवन आवास इकाईको लिखतको थैली अङ्कमा | २% | १% |
| | (ग) सामूहिक आवास योजना अन्तर्गत निर्मित भवन सहितको घरजग्गाको लिखतको थैली अङ्कमा | ४% | २% |
| २. | छोडपत्र | | |
| | दर्ताफारी (संयुक्त दर्तावाला बीचको) लिखतको थैली अङ्कमा | २.५% | १% |
| ३. | हालैदेखिको बकसपत्रको लिखत | | |



मन्त्री

| सि. नं. | लिखतको प्रकार | रजिस्ट्रेसन दस्तुरको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | |
|---|---|---|---|
| | | नगरपालिका क्षेत्रको दस्तुर | गाउँपालिका क्षेत्रको दस्तुर |
| | हालैदेखिको बकसपत्रको लिखतको थैली अङ्कमा | | |
| | (क) बाजे, बज्यै, आमा, बाबु, पति, पत्नी, दाजु, भाउजू, भाइ, भाइबुहारी, दिदी, बहिनी, छोरा, छोराबुहारी, छोरी, छोरीज्वाईं, सासु-ससुरा, जेठाजु, जेठानी, देवर, देउरानी, भतिजा, भतिजी, नाति, नातिनी, नातिनी बुहारी, काका, काकी, मामा, माइजू, भाञ्जा भाञ्जी ठूलो-बुवा, ठूली आमा (बाबुतर्फका) आमाजू, नन्द, सौता-सौता र एकै दाजुभाइको छोरा, छोरी, फुपू र भदाभदैनी बीच। | | |
| | (अ) एक लाख रुपैयाँसम्मको थैली अङ्कमा | १.५% | ०.७५% |
| | (आ) एक लाख रुपैयाँभन्दा माथि जतिसुकै थैली अङ्कमा | २.५% | १.२५% |
| | (ख) अन्य बकसपत्र र दानपत्रको थैली अङ्कमा | १५% | १०% |
| | ***स्पष्टीकरणः*** सरकारी विश्वविद्यालय, सरकारी क्याम्पस वा कलेज, सामुदायिक विद्यालय, सामुदायिक अस्पताल, नेपाल सरकारका कार्यालय, प्रदेश सरकार, स्थानीय तह तथा नेपाल सरकारको नाममा प्राप्त हुने दानपत्रको लिखतमा कुनै दस्तुर लाग्ने छैन। | | |
| ४. | **अंशबण्डा तथा अंश भर्पाईको लिखत** | | |
| | अंशबण्डा तथा अंश भपाईको लिखतमा | | |

मन्त्री

| सि. नं. | लिखतको प्रकार | रजिस्ट्रेसन दस्तुरको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | |
|---|---|---|---|
| | | नगरपालिका क्षेत्रको दस्तुर | गाउँपालिका क्षेत्रको दस्तुर |
| | (क) तिस लाख रुपैयाँसम्मको थैली अङ्कमा | ०.२% | ०.२% |
| | (ख) तिस लाख रुपैयाँभन्दा बढी दुई करोड रुपैयाँसम्मको थैली अङ्कमा | ०.३% | ०.३% |
| | (ग) दुई करोड रुपैयाँभन्दा माथिको थैली अङ्कमा | ०.५% | ०.५% |
| ५. | **मानो छुट्टिएको र मानो जोडिएको लिखत (रु)** | | |
| | (क) मानो छुट्टिएको प्रति लिखत | रु.१०,०००।- | रु.५,०००।- |
| | (ख) मानो जोडिएको प्रति लिखत | रु.१०,०००।- | रु.५,०००।- |
| ६. | **शेषपछिको बकसपत्रको लिखत** | | |
| | शेषपछिको बकसपत्र/अष्टलोहको प्रति लिखत | | |
| | (क) तीन पुस्ताभित्र | रु.५,०००।- | रु.२,०००।- |
| | (ख) तीन पुस्ता बाहिर | रु.१२,०००।- | रु.६,०००।- |
| ७. | **बन्धकीको लिखत** | | |
| | दृष्टिबन्धकी, भोगबन्धकी र लखबन्धकीको लिखतको थैली अङ्कमा | १% | १% |
| ८. | **धर्मपुत्र, धर्मपुत्रीको लिखत** | | |
| | (क) तीन पुस्ताभित्रको नातामा | रु.१,०००।- | रु.१,०००।- |
| | (ख) तीन पुस्ता बाहिरको नातामा | रु.५,०००।- | रु.४,०००।- |

मन्त्री

| सि. नं. | लिखतको प्रकार | रजिस्ट्रेसन दस्तुरको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | |
|---|---|---|---|
| | | नगरपालिका क्षेत्रको दस्तुर | गाउँपालिका क्षेत्रको दस्तुर |
| ९. | **अधिकारनामा, मञ्जुरीनामा र अख्तियारनामाको लिखत** | रु.२,०००।- | रु.२,०००।- |
| १०. | **अन्य लिखत** | | |
| | (क) दाखिल खारेज नहुने कपाली तमसुक र करारनामाको प्रति लिखत | १% | १% |
| | (ख) मासिक एक लाख रुपैयाँभन्दा बढीको घर बहाल लिनु दिनु गरेको लिखतको थैली अङ्कमा | ४% | ३% |
| | (ग) गुठी स्थापना गरेको प्रति लिखत | रु.३,०००।- | रु.२,०००।- |
| | (घ) गुठी नवीकरण | रु.३,०००।- | रु.२,०००।- |
| ११. | सि.नं. ४ को अंशबण्डा तथा अंश भरपाईको लिखत घरजग्गा भएको कुनै इलाका वा जिल्लामा पारित गर्न सकिनेछ सि.नं. १, २, ३, ४, ५, ६, ७ र ८ को लिखत अर्को इलाकामा पारित गर्न सकिने छैन। | | |

मन्त्री

**ख. सेवा शुल्क :**

| सि. नं. | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | |
|---|---|---|---|
| | | नगरपालिका क्षेत्रको दस्तुर | गाउँपालिका क्षेत्रको दस्तुर |
| १. | लिखत रजिस्ट्रेसनको लागि डोर माग गर्ने निवेदनमा डोर शुल्क | रु. ६,०००।- | रु. २,५००।- |
| २. | वित्तीय धितो | | |
| | नेपाल राष्ट्र बैङ्कबाट वित्तीय कारोबार गर्न स्वीकृति प्राप्त बैङ्क, वित्तीय तथा सहकारी संस्थाबाट दिने कर्जाको धितोबन्धक वा दृष्टिबन्धक लिखतमा | | |
| | (क) एक लाख रुपैयाँसम्मको लिखतको थैली अङ्कमा | रु.१,५००।- | रु.१,५००।- |
| | (ख) एक लाख रुपैयाँभन्दा बढी पाँच लाख रुपैयाँसम्मको थैली अङ्कमा | रु.२,०००।- | रु.२,०००।- |
| | (ग) पाँच लाख रुपैयाँभन्दा बढी दस लाख रुपैयाँसम्मको थैली अङ्कमा | रु.३,०००।- | रु.३,०००।- |
| | (घ) दस लाख रुपैयाँभन्दा बढी बिस लाख रुपैयाँसम्मको थैली अङ्कमा | रु.३,५००।- | रु.३,५००।- |
| | (ङ) बिस लाख रुपैयाँभन्दा | रु.५,५००।- | रु.५,५००।- |

मन्त्री

| | | | |
|---|---|---|---|
| | बढी पचास लाख रुपैयाँसम्मको थैली अङ्कमा | | |
| | (च) पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्मको थैली अङ्कमा | रु.२०,५००।- | रु.२०,५००।- |
| | (छ) एक करोड रुपैयाँभन्दा बढी दुई करोड रुपैयाँसम्मको थैली अङ्कमा | रु.३०,०००।- | रु.३०,०००।- |
| | (ज) दुई करोड रुपैयाँभन्दा बढी पाँच करोड रुपैयाँसम्मको थैली अङ्कमा | रु.६५,०००।- | रु.६५,०००।- |
| | (झ) पाँच करोड रुपैयाँभन्दा बढी जतिसुकै थैली अङ्कमा | रु.१,००,०००।- | रु.१,००,०००।- |
| ३. | **लिज** | सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ को अनुसूची-२ बमोजिमको दस्तुर लाग्नेछ। | |
| | सरकारी जग्गा लिजमा उपलब्ध गराउने | | |
| ४. | जग्गाधनी दर्ता स्रेस्ताको प्रतिलिपिको लागि टिकट बाहेक प्रति पुर्जा | रु.३००।- | रु.१००।- |

मन्त्री

| | | | |
|---|---|---|---|
| ५. | दाखिल खारेज शुल्क | | |
| | (क) करार अनुसार लिखत पारित गर्न ठहऱ्याएको फैसला वा मिलापत्र अनुसारको दाखिल खारेज गर्दा | ४% | २% |
| | (ख) अन्य मिलापत्र (अंश र अपुताली बाहेक) को दाखिल खारिज गर्दा | २% | १% |
| | (ग) बैङ्क, वित्तीय संस्था वा सहकारी संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार गरी बैङ्क तथा वित्तीय संस्थाको पत्रानुसार व्यक्तिको नाममा दाखिल खारेज गर्दा थैली अङ्कमा | ४% | २% |
| | (घ) बैङ्क वा वित्तीय संस्था वा सहकारी संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार नगरी ऋणीको नामबाट बैङ्क वित्तीय संस्था वा सहकारी संस्थाले आफ्नो नाममा दाखिल खारेज गर्दा प्रति मिसिल | रु. ५,०००।- | रु. २,०००।- |
| | (ङ) बैङ्क, वित्तीय संस्था वा | २% | १% |

मन्त्री

| | | | |
|---|---|---|---|
| | सहकारी संस्थाले कर्जा प्रवाह गर्दा लिएको धितो लिलाममा बैङ्क वा संस्था आफैले सकार गरेपछि सम्बन्धित ऋणीलाई फिर्ता गर्दा पारित गर्ने लिखतको थैली अङ्कमा | | |
| | (च) भूमि सुधार कार्यालयबाट जग्गा बाँडफाँट भई दाखिल खारेज हुन आउँदा प्रति मिसिल | रु.३००।- | रु.२००।- |
| | (छ) अदालत वा न्यायिक निकायको फैसला बमोजिम लिलाम बढाबढ गरी दाखिल खारेज गर्दा प्रति मिसिल | रु.१,०००।- | रु.५००।- |
| | (ज) शेषपछिको बकसपत्रको दाखिल खारेज | | |
| | (अ) तीन पुस्ताभित्रको भए थैली अङ्कमा | सबै क्षेत्रका लागि अंशबण्डा सरह | |
| | (आ) तीन पुस्ताबाहिरको भए थैली अङ्कमा | सबै क्षेत्रका लागि राजीनामा सरह | |
| ६. | नामसारी | | |
| | (क) तीन पुस्ताभित्रको नामसारी गर्दा | रु.१,०००।- | रु.५००।- |
| | (ख) तीन पुस्ताभन्दा बाहिरको नामसारी गर्दा | रु.३,०००।- | रु.१,५००।- |

मन्त्री

| | | | | |
|---|---|---|---|---|
| ७. | हाल साविक | पुनः नापजाँचपछिको स्रेस्ता हाल साविक तथा अद्यावधिक गर्दा प्रति मिसिल | रु.३००।- | रु.१५०।- |
| ८. | घर कायम | स्रेस्ता पूर्जामा घर जनाउने प्रति निवेदनमा | रु.२,५००।- | रु.५००।- |
| ९. | संशोधन दस्तुर | मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा (३) बमोजिम विवरण संशोधन गर्दा प्रति मिसिल | रु.२००।- | रु.१००।- |
| १०. | रोक्का दस्तुर | (क) लिखत रजिस्ट्रेसन भएकोमा (थैली अङ्क जतिसुकै भए पनि) | रु.१००।- | रु.१००।- |
| | | (ख) लिखत रजिस्ट्रेसन नहुनेमा : | | |
| | | (अ) एक लाख रुपैयाँसम्मको ऋण अङ्कमा | रु.३००।- | रु.२००।- |

मन्त्री

| | | | | |
|---|---|---|---|---|
| | | (आ) एक लाख रुपैयाँभन्दा बढी पाँच लाख रुपैयाँसम्मको ऋण अङ्कमा | रु.५००।- | रु.३००।- |
| | | (इ) पाँच लाख रुपैयाँभन्दा बढी जतिसुकै ऋण अङ्कमा | रु.७००।- | रु.५००।- |
| | | (ई) ऋण अङ्क नखुलेकोमा | रु.३,०००।- | रु.२,०००।- |

## ग. विविध:

| सि.नं. | विवरण |
|---|---|
| १. | धर्मपुत्र, अधिकारनामा र शेषपछिको बकसपत्र लिखत बाहेक अन्य सबै प्रकारको लिखतमा थैली अङ्क अनिवार्य खुलाउनु पर्नेछ। |
| २. | जलविद्युत उद्योग, चिया खेती, कफी खेती, कपास खेती, पुष्प व्यवसाय, तरकारी खेती, पशुपन्छीपालन, अलैंची खेती, जडिबुटी खेती एवम् फलफूल उद्योगको नाममा खरिद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिस्ट्रेसन दस्तुरमा पचहत्तर प्रतिशत छुट हुनेछ।<br>तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरीत भएको पाइएमा |

मन्त्री

| | |
|---|---|
| | मालपोत कार्यालयले छुट भएको रजिस्ट्रेसन दस्तुर असुल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ। |
| ३. | सामूहिक खेती योजना अन्तर्गत कृषि उत्पादन बढाउने उद्देश्यले एकभन्दा बढी व्यक्ति मिली जग्गाको चक्ला मिलाई खेती गर्ने उद्योग खोली त्यस्तो उद्योगको नाममा लिखत पारित भएमा सो मा लाग्ने रजिस्ट्रेसन दस्तुरमा पचहत्तर प्रतिशत छुट हुनेछ।<br>तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरीत भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिस्ट्रेसन दस्तुर असुल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ। |
| ४. | सूर्ती, गुट्खा, पानपराग र मदिराजन्य उद्योग बाहेकका उत्पादनमूलक उद्योगले उद्योग स्थापना तथा सञ्चालन गर्न उद्योगको नाममा खरिद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिस्ट्रेसन दस्तुरमा शत प्रतिशत छुट हुनेछ।<br>तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरीत भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिस्ट्रेसन दस्तुर असुल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ। |
| ५. | (क) कृषि ऋण, बिमा संस्थान, नेपाल बिमा प्राधिकरणबाट स्वीकृति प्राप्त बिमा कम्पनी, विश्वविद्यालय, बैङ्क तथा वित्तीय संस्थाले आफ्ना बहालवाला कर्मचारीलाई सेवा शर्त बमोजिम दिने ऋण सुविधाको धितोबन्धक लिखत पारित गर्दा रजिस्ट्रेसन दस्तुर छुट हुनेछ।<br>तर सेवा शुल्क एक हजार रुपैयाँ लाग्नेछ। |

मन्त्री

| | |
|---|---|
| | (ख) कर्मचारी सञ्चयकोष तथा नागरिक लगानी कोषले नियमित बचत जम्मा गर्ने आफ्ना सञ्चयकर्तालाई ऋण सुविधा उपलब्ध गराउने प्रयोजनका लागि धितोबन्धक लिखत पारित गर्दा रजिस्ट्रेसन दस्तुर छुट हुनेछ।<br>तर सेवा शुल्क पाँच सय रुपैयाँ लाग्नेछ। |
| ६. | (क) सहकारी ऐन, २०७४ बमोजिम दर्ता भई सञ्चालनमा रहेका सहकारी संस्थाले आफ्ना शेयर सदस्य बीच ऋण लगानी गर्दा पाँच लाख रुपैयाँसम्मको थैली अङ्कमा रोक्का दस्तुर बाहेक सेवा शुल्क छुट हुनेछ। सोभन्दा माथिको थैली अङ्कमा खण्ड ख. सेवा शुल्कको सि.नं. २ बमोजिमको सेवा शुल्क लाग्नेछ। |
| | (ख) बैंकिङ्ग वित्तीय र बिमा व्यवसाय गर्ने एकै प्रकृतिका निकाय एक आपसमा गाभिन चाहेमा गाभिने संस्थाले सो प्रयोजनका लागि घरजग्गा एकीकृत गर्दा संशोधन दस्तुर बाहेक अन्य दस्तुर लाग्ने छैन। |
| ७. | विभिन्न समयमा भएका जनआन्दोलन र प्रदेश स्थापनाको आन्दोलनमा सहादत प्राप्त गरेका सहिदका आश्रित पति, पत्नी, छोरा र छोरी तथा माता-पिताको नाममा स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस ऐन बमोजिम लाग्ने सबै प्रकारको दस्तुर र शुल्क पूर्ण रूपमा छुट हुनेछ। |
| ८. | अपाङ्गता भएका व्यक्ति, दलित एवम् पिछडिएका जातिलाई स्थानीय तहको सिफारिस वा प्रमाणको आधारमा निजको नाममा स्वामित्व प्राप्त हुँदा यस ऐन बमोजिम लाग्ने घरजग्गा रजिस्ट्रेसन दस्तुरमा पच्चीस प्रतिशत छुट हुनेछ। |
| ९. | (क) महिला, सत्तरी वर्षभन्दा बढी उमेरका ज्येष्ठ नागरिक र नाबालकको नाममा जुनसुकै प्रकारबाट स्वामित्व प्राप्त हुने गरी |

मन्त्री

| | |
|---|---|
| | पारित हुने लिखतमा यस ऐन बमोजिम लगाइएको रजिस्ट्रेसन दस्तुरमा पच्चीस प्रतिशत छुट हुनेछ।<br>तर एकल महिलाको हकमा पैंतिस प्रतिशत छुट हुनेछ। हुम्ला, जुम्ला, मुगु, कालिकोट र डोल्पा जिल्लाका सदरमुकाम बाहेकका गाउँपालिकाको हकमा पचास प्रतिशत छुट हुनेछ। |
| | (ख) हाल पति वा पत्नीको नाममा कायम रहेको घरजग्गाको स्वामित्व परिवर्तन गरी पति-पत्नी दुवैको संयुक्त स्वामित्वको रूपमा लिखत गर्न चाहेमा सो लिखतमा एक सय रुपैयाँ रजिस्ट्रेसन दस्तुर लाग्नेछ। |
| | (ग) तीन सय जनाभन्दा बढी व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिने उत्पादनमूलक उद्योग विस्तार गर्नका लागि जग्गा खरिद गर्दा लाग्ने रजिस्ट्रेसन दस्तुरको लिखतमा पचास प्रतिशत छुट दिइनेछ।<br>तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरीत भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिस्ट्रेसन दस्तुर असुल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ। |
| १०. | भूमिहीन, मुक्त कमैया र मुक्त हलिया परिवारले सहुलियत ऋण र अनुदान प्राप्त गरी खरिद गरेको जग्गाको लिखत पारित गर्दा लाग्ने रजिस्ट्रेसन दस्तुर, सेवा शुल्क र रोक्का दस्तुर पूर्ण रूपमा छुट हुनेछ। |
| ११. | बैङ्क, वित्तीय एवम् सहकारी सङ्घसंस्था र अदालतबाट मिलापत्र भई आएको दाखिल खारेज गर्दा सेवा दस्तुर असुल तथा मालपोत कार्यालयले रजिस्ट्रेसन प्रयोजनको लागि तोकेको न्यूनतम मूल्य र मिलापत्र वा बैङ्क, वित्तीय एवम् सहकारी सङ्घसंस्थाको पत्रमा उल्लेख भएको मूल्यमध्ये जुन बढी हुन्छ सोही मूल्य कायम गर्नु पर्नेछ। |



मन्त्री

| | |
|---|---|
| १२. | प्रचलित सहकारी सम्बन्धी कानून अन्तर्गत दर्ता भएका सहकारी संस्थाले संस्थाको प्रयोजनको लागि पहाडी क्षेत्रमा दुई रोपनी, भित्री मधेशमा तीन कठ्ठासम्म जग्गा र भवन खरिद गर्दा लाग्ने रजिस्ट्रेसन दस्तुर भूमि व्यवस्था तथा सहकारी रजिष्ट्रारको कार्यालयको सिफारिसमा पूर्ण रूपमा छुट हुनेछ।<br>तर त्यस्तो सहकारी संस्थाले रजिस्ट्रेसन दस्तुर छुट सुविधामा खरिद गरेको जग्गा तथा भवन संस्था गाभिएको वा विघटन भएको अवस्थामा बाहेक बिक्री गरेमा पहिले छुट दिएको रजिस्ट्रेसन दस्तुर असूल उपर गरिनेछ। |
| १३. | खण्ड ग. विविधको सि.नं. ७, ८, ९ र १० बमोजिम छुट दिंदा एकै व्यक्तिले एकभन्दा बढी आधारमा छुट पाउने अवस्था भएमा सबैभन्दा बढी कुनै एक छुट दिइनेछ। |
| १४. | एउटै कारोबारबाट पचास लाख रुपैयाँ वा सोभन्दा माथिको घर, जग्गा वा घरजग्गा खरिद बिक्री गर्दा क्रेताले बैङ्कबाट भुक्तानीको लागि योग्य (गुड फर पेमेन्ट) भनी छाप लागेको चेकको प्रतिलिपि वा बिक्रेताका नाममा बैङ्कमा रहेको खातामा रकम जम्मा गरेको बैङ्क भौचरको प्रतिलिपि वा विद्युतीय माध्यमबाट रकम भुक्तानी र प्राप्तिको प्रमाण पेश गरेपछि मात्र मालपोत कार्यालयले लिखत पारित गर्नेछ। |
| १५. | पति पत्नीको संयुक्त नाममा पारित हुने लिखतमा पच्चीस प्रतिशत रजिस्ट्रेसन दस्तुर छुट दिइनेछ। |
| १६. | तीनपुस्ताभित्रका छोरी वा नातिनीमा संयुक्त नामसारी भई दर्ताफारी गर्दा घरजग्गा रजिस्ट्रेसन दस्तुर खण्ड क. घरजग्गा रजिस्ट्रेसन दस्तुरको सि.नं. २ मा उल्लिखित छोडपत्रको दररेटको आधा शुल्क लाग्नेछ। |

मन्त्री

| | |
|---|---|
| १७. | सङ्घीय सरकार अन्तर्गत कुनै एक निकायको नाममा रहेको जग्गा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको अर्को कुनै निकायको नाममा रजिस्ट्रेसन वा दाखिल खारेज गर्नु पर्दा रजिस्ट्रेसन दस्तुर तथा सेवा शुल्क लाग्ने छैन। प्रदेश सरकार वा स्थानीय तह अन्तर्गत कुनै एक निकायको नाममा रहेको जग्गा सङ्घीय सरकार वा स्थानीय तहको अर्को कुनै निकायको नाममा रजिस्ट्रेसन वा दाखिल खारेज गर्नु पर्दा रजिस्ट्रेसन दस्तुर तथा सेवा शुल्क लाग्ने छैन। |
| १८. | कुनै व्यक्तिको स्वामित्वमा रहेको जग्गा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कुनै निकायले निःशुल्क प्राप्त गर्दा वा खरिद गर्दा रजिस्ट्रेसन दस्तुर तथा सेवा शुल्क लाग्ने छैन। |
| १९. | वैदेशिक रोजगारीबाट बैङ्किङ प्रणाली मार्फत् विप्रेषण (रेमिट्यान्स) प्राप्त भएको बैङ्कको प्रमाणित कागजातको आधारमा त्यस्तो विप्रेषणबाट खरिद हुने जग्गाको लिखतमा पच्चीस प्रतिशत रजिस्ट्रेसन दस्तुर छुट दिइनेछ। |

मन्त्री

अनुसूची-२

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

## सवारी साधन कर

१. निजी सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः-

| सि.नं. | सवारीको किसिम | वार्षिक कर दर |
|---|---|---|
| १. | **कार, जिप, भ्यान र माइक्रो बस** | |
| | (क) १००० सी.सी. सम्म | रू.२१,०००।- |
| | (ख) १००० सी.सी. देखि माथि १५०० सी.सी. सम्म | रू.२३,०००।- |
| | (ग) १५०० सी.सी. देखि माथि २००० सी.सी. सम्म | रू.२६,०००।- |
| | (घ) २००० सी.सी. देखि माथि २५०० सी.सी. सम्म | रू.३५,०००।- |
| | (ङ) २५०० सी.सी. देखि माथि ३००० सी.सी. सम्म | रू.४०,०००।- |
| | (च) ३००० सी.सी. देखि माथि ३५०० सी.सी. सम्म | रू.५६,०००।- |
| | (छ) ३५०० सी.सी. देखि माथि सबै | रू.६२,०००।- |
| २. | **डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण र मिनीटिपर** | |
| | (क) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण | रू.४०,०००।- |
| | (ख) मिनीटिपर | रू.२८,०००।- |
| ३. | **थ्री ह्वीलर, टेम्पो, ट्रेक्टर र पावर टिलर** | |
| | (क) थ्री ह्वीलर र टेम्पो | रू.५,०००।- |

मन्त्री

| | | |
|---|---|---|
| | (ख) पावर टिलर | रू.३,०००।- |
| | (ग) ट्रेक्टर | |
| | (अ) कृषि प्रयोजन | रू.४,०००।- |
| | (आ) गैर कृषि प्रयोजन | रू.८,०००।- |
| ४. | मिनिट्रक वा मिनिबस | रू.२३,०००।- |
| ५. | ट्रक वा बस | रू.३२,०००।- |
| ६. | **मोटर साइकल/स्कुटर** | |
| | १२५ सी.सी. सम्म | रु.२,७००।- |
| | १२५ सी.सी. देखि माथि १५० सी.सी. सम्म | रु.४,३००।- |
| | १५० सी. सी. देखि माथि २५० सी. सी.सम्म | रु.५,५००।- |
| | २५० सी.सी. देखि माथि ४०० सी.सी. सम्म | रु.१०,०००।- |
| | ४०० सी.सी. देखि माथि ६५० सी.सी. सम्म | रु.१६,०००।- |
| | ६५० सी.सी. भन्दा माथि सबै | रु.२०,०००।- |
| ७. | **विद्युतीय सवारी साधनमा** | |
| | **(क) निजी मोटरसाईकल/स्कुटर** | |
| | ५०० वाटसम्म | रु.१०००।- |
| | ५०० वाटभन्दा माथि १००० वाटसम्म | रु.१५००।- |
| | १००० वाटभन्दा माथि १५०० वाट सम्म | रु.२०००।- |
| | १५०० वाटभन्दा माथि सबै | रु.३०००।- |
| | **(ख) निजी कार जिप भ्यान र माईक्रो बस** | |
| | ५० किलोवाटसम्म | रु.५०००।- |
| | ५० किलोवाट देखि माथि १५० सम्म | रु.१५०००।- |
| | १५० किलोवाट देखि माथि २०० सम्म | रु.२००००।- |
| | २०० किलोवाट भन्दा माथि सबै | रु.३००००।- |

मन्त्री

| | (ग) भाडामा दर्ता भएका सवारी साधन | |
|---|---|---|
| | ५० किलोवाटसम्म | रु.२५००।- |
| | ५० किलोवाट देखि माथि १५० सम्म | रु.७५००।- |
| | १५० किलोवाट देखि माथि २०० सम्म | रु.१००००।- |
| | २०० किलोवाट भन्दा माथि सबै | रु.१५०००।- |

२. भाडामा दर्ता भएका सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः-

| सि.नं. | सवारीको किसिम | |
|---|---|---|
| १. | कार, जिप, भ्यान र माइक्रो बस | वार्षिक कर दर |
| | १००० सी.सी. सम्म | रु. ८०००।- |
| | १००० सी.सी. देखि माथि १५०० सी.सी.सम्म | रू.१०,०००।- |
| | १५०० सी.सी. देखि माथि देखि २००० सी.सी. सम्म | रू.११,५००।- |
| | २००० सी.सी. देखि माथि २५०० सी.सी. सम्म | रू.१३,५००।- |
| | २५०० सी.सी. देखि माथि ३००० सी.सी. सम्म | रू.१५,०००।- |
| | ३००० देखि माथि ३५०० सी.सी. सम्म | रू.१६,०००।- |
| | ३५०० सी.सी. देखि माथि सबै | रू.१८,०००।- |
| २. | डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण | रू.२०,०००।- |
| ३. | थ्री ह्वीलर र टेम्पो | रू.५,०००।- |
| ४. | ट्र्याक्टर | रू.३,०००।- |
| ५. | पावर टिलर | रू.२,५००।- |

मन्त्री

| | | |
|---|---|---|
| ६. | मिनीट्रक वा मिनीबस | रू.१३,०००।- |
| ७. | मिनी ट्रिपर | रू.१५,०००।- |
| ८. | ट्रक वा बस | रू.१७,०००।- |
| ९ | तेल टयाङ्कर र ग्याँस बुलेट | रू.२०,०००।- |

## ३. बाटो इजाजतपत्र दस्तुर (नवीकरण समेत)

| सि. नं. | दुरी (कि.मि.) | सवारीको वर्गीकरण र दस्तुर | |
|---|---|---|---|
| | | ठुला र मझौला बस, मिनिबस आदि | ठुला र मझौला ट्रक, मिनिट्रक आदि |
| १. | ५० कि.मि. सम्म | रू.७००।- | रू.८००।- |
| २. | ५० कि.मि. देखि माथि १०० कि.मि. सम्म | रू.८००।- | रू.९००।- |
| ३. | १०० कि.मि. देखि माथि १५० कि.मि. सम्म | रू.१,०००।- | रू.१,१००।- |
| ४. | १५० कि.मि देखि माथि २०० कि.मि. सम्म | रू.१,१००।- | रू.१,३००।- |
| ५. | २०० कि.मि. देखि माथि २५० कि.मि. सम्म | रू.१,२००।- | रू.१,४००।- |
| ६. | २५० कि.मि. देखि माथि ३०० कि.मि. सम्म | रू.१,४००।- | रू.१,५००।- |
| ७. | ३०० कि.मि. देखि माथि ३५० कि.मि. सम्म | रू.१,५००।- | रू.१,७००।- |
| ८. | ३५० कि.मि. देखि माथि ४०० कि.मि. सम्म | रू.१,६००।- | रू.१,८००।- |

मन्त्री

| सि. नं. | दुरी (कि.मि.) | सवारीको वर्गीकरण र दस्तुर | |
|---|---|---|---|
| | | ठुला र मझौला बस, मिनिबस आदि | ठुला र मझौला ट्रक, मिनिट्रक आदि |
| ९. | ४०० कि.मि. देखि माथि ४५० कि.मि. सम्म | रू.१,७००।- | रू.१,९००।- |
| १०. | ४५० कि.मि. देखि माथि ५०० कि.मि. सम्म | रू.२,१००।- | रू.२,३००।- |
| ११. | ५०० कि.मि. देखि माथि ५५० कि.मि. सम्म | रू.२,३००।- | रू.२,५००।- |
| १२. | ५५० कि.मि. देखि माथि ६०० कि.मि. सम्म | रू.२,५००।- | रू.२,७००।- |
| १३. | ६०० कि.मि. देखि माथि ६५० कि.मि सम्म | रू.२,७००।- | रू.२,९००।- |
| १४. | ६५० कि.मि. देखि माथि ७०० कि.मि. सम्म | रू.२,९००।- | रू.३,१००।- |
| १५. | ७०० कि.मि. भन्दा माथि | रू.३,२००।- | रू.३,३००।- |

**४. बाटो इजाजत दस्तुर (नवीकरण समेत)**

| पाँच सिटभन्दा बढी चौध सिटसम्म क्षमता भएको सार्वजनिक सवारीको लागि | | |
|---|---|---|
| **सि.नं.** | **दुरी (कि.मि.)** | **दस्तुर** |
| १. | १ कि.मि. देखि ५० कि.मि. सम्म | रू.५००।- |
| २. | ५० कि.मि. देखि माथि १०० कि.मि. सम्म | रू.६००।- |
| ३. | १०० कि.मि. देखि माथि १५० कि.मि. सम्म | रू.७००।- |
| ४. | १५० कि.मि. देखि माथि २५० कि.मि. सम्म | रू.८००।- |
| ५. | २५० कि.मि. देखि माथि ३०० कि.मि. सम्म | रू.९००।- |

मन्त्री

## ५. सवारी साधन दर्ता शुल्क

| सि.नं. | विवरण | निजी सवारी साधनको दर | सार्वजनिक सवारी साधनको दर |
|---|---|---|---|
| १. | बस, ट्रक | रू.२,५००।- | रू.३,५००।- |
| २. | मिनि ट्रक, मिनि बस, ट्र्याक्टर | रू.२,०००।- | रू.२,५००।- |
| ३. | कार, जिप, भ्यान, पिकअप, टेम्पो | रू.१,५००।- | रू.२,५००।- |
| ४. | मोटरसाइकल, स्कुटर | रू.५००।- | - |
| ५. | सरकारी मोटरसाइकल | रू.८००।- | - |
| ६. | अटो टेम्पो | रू.१,०००।- | रू.१,५००।- |

## ६. सवारी साधन नामसारी

| सि.नं. | विवरण | निजी सवारी साधनको दर | सार्वजनिक सवारी साधनको दर |
|---|---|---|---|
| १. | बस, ट्रक | रू.१,२००।- | रू. २,५००।- |
| २. | मिनि ट्रक, मिनि बस, ट्याक्टर | रू.१,०००।- | रू. १,५००।- |
| ३. | कार, जिप, भ्यान, पिकअप, टेम्पो | रू. ८००।- | रू. १५००।- |
| ४. | मोटरसाइकल, स्कुटर | रू. ५००।- | - |

मन्त्री

## ७. सवारी साधन दर्ता किताव (ब्लु बुक) नवीकरण शुल्क

| सि.नं. | विवरण | शुल्क |
|---|---|---|
| १. | भाडाका बस, ठुला टिप्पर | रू. १०००।- |
| २. | भाडाका मिनिबस, टिप्पर | रू. ८००।- |
| ३. | निजी बस, ठुला टिप्पर | रू. ५००।- |
| ४. | निजी बस, टिप्पर | रू. ५००।- |
| ५. | ट्र्याक्टर | रू. ८००।- |
| ६. | एम्बुलेन्स | रू. ५००।- |
| ७. | मोटरसाईकल, स्कुटर | रू. २००।- |
| ८. | निजीगाडी (जिप) (वर्ग-क/च) | रू. ५००।- |
| ९. | सरकारी/भाडा जिप (वर्ग-ज/झ) | रू. ८००।- |
| १०. | पावरटेलर | रू. ३००।- |
| ११. | निजी मेशिनरी औजार (डोजर, रोलर, एक्साभेटर) | रू. ५००।- |
| १२. | भाडा टेम्पो | रू. ५००।- |
| १३. | निजी टेम्पो | रू. ५००।- |

## ८. दर्ता परिवर्तन दस्तुर

| सि. नं. | विवरण | निजीमा परिवर्तन गर्दा | सार्वजनिकमा परिवर्तन गर्दा |
|---|---|---|---|
| १. | ठुला सवारी बस वा ट्रक | रू.१,५००।- | रू.२,५००।- |
| २. | साना तथा मझौला सवारी मिनिबस, मिनि ट्रक, जिप, कार तथा भ्यान | रू.८००।- | रू.१,०००।- |

मन्त्री

| (क) सरुवा दर्ता सहमति शुल्कः | | |
|---|---|---|
| सवारी साधन | कर्णाली प्रदेशभित्रको एक कार्यालयबाट अर्को कार्यालय | कर्णाली प्रदेशबाट अन्य प्रदेश |
| दुई पाङ्ग्रे | रू.१,०००।- | रू.२,०००।- |
| साना सवारी तथा मझौला | रू.२,०००।- | रू.४,०००।- |
| ठुला सवारी | रू.३,०००।- | रू.६,०००।- |
| (ख) उत्पादनको मितिले दश वर्षसम्मका सवारी साधन अन्य प्रदेशबाट सरुवा दर्ता सहमति लिई कर्णाली प्रदेशमा दर्ता हुन आएमा व्यक्तिगत सवारी साधनको दर्ता शुल्क लाग्ने छैन। | | |

## ९. सवारी साधन जाँचपास नवीकरण शुल्कः

| सि.नं. | विवरण | शुल्क |
|---|---|---|
| १. | ठुला सवारी बस वा ट्रक | रू.१,५००।- |
| २. | साना तथा मझौला सवारी साधन | रू.१,०००।- |

## १०. यातायात सेवाको नाम पञ्जीकरण दस्तुर (नवीकरण)

| सि.नं. | चुक्ता पुँजी | दस्तुर |
|---|---|---|
| १. | पन्ध्र लाख रुपैयाँ सम्म | रू.५०००।- |
| २. | पन्ध्र लाख रुपैयाँ भन्दा माथि पचास लाख रुपैयाँसम्म | रू.१००००।- |
| ३. | पचास लाख रुपैयाँ देखि माथि सबै | रू.१५०००।- |

मन्त्री

११. यातायात सेवामा सवारी साधन पञ्जीकरण दस्तुर

| सि.नं. | चुक्ता पुँजी | दस्तुर |
|---|---|---|
| १. | पन्ध्र लाख रुपैयाँ सम्म | रू.२५००।- |
| २. | पन्ध्र लाख रुपैयाँ भन्दा माथि पचास लाख रुपैयाँसम्म | रू.३५००।- |
| ३. | पचास लाख रुपैयाँ देखि माथि सबै | रू.४५००।- |

१२. सवारी साधनको दर्ता वा नामसारी रोक्का राख्नु पर्ने भएमा पाँच सय रुपैयाँ दस्तुर लाग्नेछ।

१३. सवारी साधनको नामसारी दर्ता गर्दा सनाखत गर्नु परेमा दुई पाङ्ग्रेको पाँच सय रुपैयाँ र चार पाङ्ग्रेको एक हजार रुपैयाँ दस्तुर लाग्नेछ।

१४. सवारी साधन दर्ता किताब (ब्लु बुक) हराएमा वा नासिएमा प्रतिलिपि लिँदा ठुला सवारी साधन बस, ट्रक तथा मझौला सवारी साधन मिनिबस, मिनि ट्रक र मेसिनरी औजारको एक हजार रुपैयाँ र अन्य सवारी साधनको पाँच सय रुपैयाँ दस्तुर लाग्नेछ।

१५. नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको नाउँमा दर्ता भएका सवारी साधनको हकमा भाडामा दर्ता भएका सवारी साधन सरह कर लाग्नेछ।

१६. प्रथम आपुर्तिकर्ताको मौज्दातमा रहेका सवारी साधनमा सवारी साधन कर लाग्ने छैन। दोस्रो आपुर्तिकर्ताले खरिद गरेको सवारी साधनको हकमा खरिद अवधि एक वर्ष भन्दा कम रहेछ भने वार्षिक कर रकमको दामासाहीले हुन आउने सवारी साधन कर लाग्नेछ।

मन्त्री

१७. उत्पादनका मितिले पन्ध्र वर्षभन्दा पुराना सवारी साधनलाई लाग्ने सवारी साधन करमा पन्ध्र वर्षभन्दा बढीको प्रत्येक वर्षका लागि पाँच प्रतिशतका दरले थप गरी सवारी साधन कर लाग्नेछ।

तर त्यस्तो थप रकम सवारी साधनको लागि तोकिएको कर रकमभन्दा बढी हुने छैन।

१८. भाडाका बस, मिनीबस तथा माइक्रोबसका सवारी साधनले विद्यार्थी, ज्येष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिलाई सहुलियतको रूपमा भाडामा छुट दिएबापत त्यस्ता सवारी साधनका धनीले तिर्नु पर्ने सवारी साधन करमा पचास प्रतिशत छुट पाउनेछन्।

१९. सवारी साधन धनीले अग्रिम पाँच वर्षको सवारी साधन कर एकमुस्ट भुक्तानी गरेमा बिस प्रतिशत कर छुट हुनेछ।

२०. अनुमति लिएको भन्दा फरक प्रयोजनमा सवारी साधन प्रयोग भएको पाइएमा प्रत्येक पटक पाँच हजार रुपैयाँ जरिवाना लाग्नेछ।

२१. कुनै व्यक्तिको नाममा दर्ता भएको सवारी साधन दुर्घटनाको कारण बिग्रिई सञ्चालनमा आउन नसक्ने भनी यातायात क्षेत्र हेर्ने मन्त्रालयले प्रमाणित गरेमा प्रयोगमा नआएको अवधिको सवारी साधन कर लाग्ने छैन। तर त्यस्तो सवारी साधन प्रयोग हुन नसक्नुको कारण र अवधि स्थानीय तहको सिफारिस तथा ट्राफिक प्रहरी कार्यालयको सर्जमिन मुचुल्का र प्रतिवेदन अनिवार्य पेस गर्नुपर्नेछ।

२२. सार्वजनिक सङ्ग्रहालयमा प्रदर्शनीका लागि राखिएका बिस वर्षभन्दा पुराना सवारी साधनलाई सवारी साधन कर लाग्ने छैन।

२३. दमकल, एम्बुलेन्स तथा शव वाहनलाई सवारी साधन कर लाग्ने छैन।

मन्त्री

२४. विद्युत, सोलार वा ब्याट्रीबाट चल्ने सवारी साधनलाई सडक मर्मत तथा सम्भार दस्तुरमा पचास प्रतिशत छुट हुनेछ।

२५. दश लाख रुपैयाँभन्दा बढीको सवारी साधन खरिद गर्दा सम्बन्धित सवारी साधन क्रेताले एकाउन्ट पेयी चेकबाट बिक्रेतालाई रकम भुक्तानी गर्नु पर्नेछ।

२६. चारपाङ्ग्रे सवारी साधन खरिद बिक्रि गर्दा क्रेताको स्थायी लेखा नम्बर अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ।

२७. यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने गरी बनाइएका एक सय पचास सी.सी. सम्मका स्कुटरमा सवारी साधन कर लाग्ने छैन।

२८. नेपालमा सञ्चालनमा रहेका पुराना ट्रकलाई बन्द कन्टेनरको रूपमा रूपान्तरण गर्न निवेदन दिने सवारी साधनका धनीलाई निजले बुझाउनु पर्ने सवारी साधन कर बापत पचास हजार रुपैयाँ वा चार वर्षको सवारी साधन कर बापत हुन आउने रकममध्ये जुन घटी हुन्छ सो बराबरको रकम छुट दिइनेछ।

तर त्यस्तो छुट सुविधा दश वर्षभन्दा पुराना ट्रकलाई दिइने छैन।

२९. नेपाल सरकारले जफत गरी लिलाम बिक्री गरेको सवारी साधनमा सो मिति भन्दा अगाडिको अवधिको सवारी साधन कर लाग्ने छैन।

३०. सरकारी, संस्थान र पर्यटन सवारी साधनको सवारी साधन कर सार्वजनिक सवारी साधन सरह हुनेछ।

३१. प्रयोग विहिन भई पुनः प्रयोगमा आउन नसक्ने अवस्थामा रहेका तर लगत कट्टा नभएका सवारी साधनको हकमा सम्बन्धित स्थानीय तह र

मन्त्री

ट्राफिक प्रहरी कार्यालयको सिफारिसमा तीन वर्ष सम्मको बार्षिक कर छुट गरी लगत कट्टा गर्नु पर्नेछ।

३२. कर्णाली प्रदेशका विभिन्न प्रहरी कार्यालयमा नियन्त्रणमा रहेका तर सवारी साधन धनी सम्पर्कमा नआएको कारण बेवारिसे अवस्थामा रहेका सवारी साधनहरु आवश्यक कार्यविधि बनाई लिलाम प्रक्रियामा लैजानु पर्नेछ।

३३. कर्णाली प्रदेश अन्तर्गतका निकायहरुले सञ्चालन गरीरहेका सरकारी साधन प्रदेशभित्र दर्ता गर्नुपर्नेछ।

३४. सरकारी कार्यालयमा मर्मत सम्भार गरी पुनः प्रयोगमा आउन नसक्ने अवस्थामा रहेका जीर्ण सवारी साधन लिलाम गरी लगत कट्टा गर्नुपर्नेछ। त्यस्ता सवारी साधनको बढिमा पछिल्लो दुई वर्षको कर चुक्ता गरे हुनेछ।

मन्त्री

अनुसूची-३

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

**मनोरञ्जन कर**

| सि.नं. | विवरण | मनोरञ्जन करको दर |
|---|---|---|
| १. | चलचित्र प्रदर्शन, फनपार्क, वाटर गार्डेन, बाल उद्यान, फुटसल, जुम्बा, नाइट क्लब, मसाज, स्पा, जीपलाइन, बन्जीजम्प, प्याराग्लाइडिङ, पौडीपोखरी प्रति टिकट | ५% |
| २. | साँस्कृतिक प्रदर्शन, दोहोरी साँझ, डान्सबार, कन्सर्ट, नाटकघर, भिडियो घर, थिएटर, पार्क प्रति टिकट वा रसिद, | ५% |
| ३. | मेला, महोत्सव तथा जादु सर्कस मेला सञ्चालन गराए बापत प्रति टिकट | ५% |
| ४. | ऱ्याफ्टिङ्ग, बोटिङ्ग, प्याराग्लाइडिङ्ग, रक क्लाइम्बिङ्ग, बञ्जी जम्पिङ्ग, स्वीङ, जिप फ्लायर प्रति टिकट वा रसिद | ५% |

मन्त्री

अनुसूची-४

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

## <u>कृषि सेवा शुल्क</u>

| क्र.सं. | विवरण | शुल्क |
|---|---|---|
| १. | पशुपन्छी उपचार दर्ता सेवा शुल्क (प्रति पशुपन्छी) | |
| | (क) भेडा/बाख्रा/ पन्छी | रू. ५।- |
| | (ख) गाई/गोरु/भैंसी/राँगा/सुगुर/बङ्गुर | रू. १०।- |
| | (ग) बाघ/भालु/कुकुर/बिरालो/मुसा तथा अन्य जंगली जनावर | रू. २५।- |
| | (घ) हात्ती/गैंडा/घोडा/खच्चर/गधा | रू. १००।- |
| | (ङ) डि. हर्निङ्ग | रू. १००।- |
| २. | प्रयोगशाला नमूना परीक्षण सेवा शुल्क (प्रति नमूना) | |
| | (क) सबै खाले पशुपन्छी तथा मत्स्य | रू. १०।- |
| ३. | शव परीक्षण सेवा शुल्क (प्रति सङ्ख्या) | |
| | (क) माछा तथा पन्छीहरू | रू. २०।- |
| | (ख) साना पशु (भेडा/बाख्रा/कुकुर/बिरालो/सुगुर/बङ्गुर) | रू. ५००।- |
| | (ग) ठूला पशु (हात्ती/घोडा/गाई/गोरु/भैंसी/राँगा) | रू. १,०००।- |
| | (घ) घरपालुवा तथा जंगली पशुपन्छीहरूको सडक दुर्घटनामा परी शव परीक्षण गर्नु परेमा शुल्क लाग्ने छैन। | |
| ४. | पशु तथा पन्छी बन्ध्याकरण (प्रति संख्या) | |
| | (क) थुमा/बोका | रू. १०।- |
| | (ख) कुखुराको भाले तथा अन्य पन्छी | रू. ५०।- |
| | (ग) बँदेल/ सुगुर/ बङ्गुर/ घोडा/गधा | रू. १००।- |

मन्त्री

| क्र.सं. | विवरण | शुल्क |
| --- | --- | --- |
| | (घ) कुकुर/ बिरालो | रू. ५००।- |
| ५. | **माटो तथा रासायनिक मलको प्रयोगशाला विश्लेषण (प्रति नमुना)** | |
| | (क) माटो विश्लेषण | रू.४००।- |
| | (ख) सुक्ष्म तत्व विश्लेषण | रू.४००।- |
| | (ग) रासायनिक मल विश्लेषण | रू.१,२००।- |
| | (घ) प्राङ्गारिक मल विश्लेषण | रू.१,५००।- |
| ६. | **बिउ बिजन परीक्षण सेवा शुल्क (प्रति नमुना)** | |
| | (क) उमार शक्ति परीक्षण | रू. २३०।- |
| | (ख) शुद्धता परीक्षण | रू. १७५।- |
| | (ग) चिस्यान परीक्षण | रू. १५५।- |
| | (घ) टेट्राजोलियम टेष्ट | रू. २९०।- |
| | (ङ) ओजस परीक्षण | रू. २३०।- |
| | (च) बिउको स्वास्थ्य परीक्षण | रू. ३५०।- |
| | (छ) हजार दाना तौल | रू. ११०।- |
| | (ज) बिउको नमुना लिए बापत शुल्क | रू. २१५।- |
| | (झ) खेत निरीक्षण | रू. ३२०।- |
| | (ञ) बिउ प्रमाणीकरण | रू. १००।- |
| ७. | विविध | |
| | (क) विभिन्न सिफारिस /कृषक समूह/ब्लक/ पकेट समिति दर्ता तथा नवीकरण/ सूचीकृत | रू. १००।- |
| | (ख) हलभाडा ( प्रति दिन ) | रू.१,०००।- |
| | (ग) मल्टीमिडिया (प्रति दिन) | रू.५००।- |
| | (घ) औजार उपकरण प्रयोग गरे बापत शुल्क (प्रति दिन) | रू.५०।- |

मन्त्री

अनुसूची-५

(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

**निर्माण सामग्रीको प्रयोगशाला परीक्षण शुल्क**

| क्र.सं. | विवरण | एकाई | परिणाम | शुल्क |
|---|---|---|---|---|
| १ | कम्प्रेसिभ स्ट्रेन्थ टेस्ट | सेट | १ | रू.१६६०।- |
| २ | मोटार टेस्ट | सेट | १ | रू. २२२०।- |
| ३ | क्ले कन्टेन्ट | सेट | १ | रू. ८५०।- |
| ४ | एम.डि.डि./ओ.एम.सि. | सेट | १ | रू. २२००।- |
| ५ | फिल्ड डेन्सिटी टेस्ट | १ होल | १ | रू.५००।- |
| ६ | लस-एन्जलस एब्रासन टेस्ट | १ होल | १ | रू. ३०००।- |
| ७ | कोरकटर टेस्ट | १ होल | १ | रू. ३५००।- |
| ८ | एफ.आई./ए.आई.भी. | सेट | १ | रू.१०००।- |
| ९ | स्पेसिफिक ग्रयाभिटी | सेट | १ | रू.१०००।- |
| १० | ग्रेडिसन टेस्ट फर स्याण्ड | सेट | १ | रू.१०००।- |
| ११ | ग्रेडिसन टेस्ट फर स्याण्ड कंक्रिट | सेट | १ | रू.१८००।- |
| १२ | ग्रेडिसन टेस्ट फर सब वेस/ वेस | सेट | १ | रू.१८००।- |
| १३ | मोइस्चर कन्टेन्ट (डब्लु%) | सेट | १ | रू. ६५०।- |
| १४ | विटुमिन एक्स्ट्राक्चर ह्यान्ड अपरेटेड(यु.पि.सि.) | सेट | १ | रू.१५००।- |
| १५ | मार्सल स्टयाबिलिटी लेफ्ट कम्प्लिटेड सेट | सेट | १ | रू. ३०००।- |
| १६ | प्लास्टिसिटी ईन्डेक्स | सेट | १ | रू.१५००।- |

मन्त्री

| | | | | |
|---|---|---|---|---|
| १७ | सि.बि.आर. टेस्ट | सेट | १ | रू. ३५००।- |
| १८ | ग्याबिन टेस्ट (जिङ्क कोटिङ) | सेट | १ | रू. १७००।- |
| १९ | चिप्स ग्याडिसन (२० एम.एम.) | सेट | १ | रू. १४००।- |
| २० | चिप्स ग्याडिसन (४० एम.एम.) | सेट | १ | रू. १५००।- |

मन्त्री

अनुसूची-६

(दफा १० को उपदफा (१) सँग सम्बन्धित)

**दहत्तर बहत्तर शुल्क**

| सि. नं. | विवरण | इकाई | दर |
|---|---|---|---|
| १. | ढुङ्गा, गिट्टी, बालुवा, स्लेट, ग्राभेल र रोडा बिक्री एवम् घाटगद्दी (स्वीकृत खानी क्षेत्र बाहेक) | प्रति क्यू. फिट | रू.३।- |
| २. | माटो बिक्री एवम् घाटगद्दी (स्वीकृत खानी क्षेत्र बाहेक) | प्रति क्यू. फिट | रू.१।- |
| ३. | खानीजन्य उद्योगबाट निकासी हुने वस्तुमा निकासी कर मात्र लगाइनेछ। | | |
| ४. | खानीजन्य वस्तुहरूको उपयोग गरी सिमेन्ट उत्पादन गरी बिक्री वितरण गर्ने उद्योगबाट उत्पादित सिमेन्टको बिक्रीमा बिक्री गर्दा कै बखत बिक्री मूल्यको (मूल्य अभिबृद्धि कर तथा अन्तःशुल्क बाहेक) शून्य दशमलव पाँच प्रतिशतका दरले प्राकृतिक स्रोत उपयोग बापत शुल्क लगाइनेछ। | | |
| ५. | खानीजन्य वस्तुहरूको उपयोग गरी क्लिङ्कर उत्पादन गरी बिक्री वितरण गर्ने उद्योगबाट उत्पादित क्लिङ्करको बिक्रीमा बिक्री गर्दा कै बखत बिक्री मूल्यको (मूल्य अभिबृद्धि कर बाहेक) शून्य दशमलव पाँच प्रतिशतका दरले प्राकृतिक स्रोत उपयोग बापत शुल्क लगाइनेछ। | | |

मन्त्री

## कर्णाली प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयकको व्याख्यात्मक टिप्पणी

| क्र.सं. | दफा | दफा/शीर्षक | व्याख्यात्मक व्यवस्था |
|---|---|---|---|
| १. | – | प्रस्तावना | विधेयक बनाउनको कारण र त्यसको उद्देश्य स्पष्ट गर्न। |
| २. | १. | संक्षिप्त नाम र प्रारम्भ | विधेयकको नाम उद्धरणका लागि सजिलो बनाउन। |
| ३. | २. | परिभाषा | विधेयकमा प्रयोग भएको लामो शब्दलाई छोटकरीमा उल्लेख गर्न र अर्थ स्पष्ट गर्न। |
| ४. | ३. | घरजग्गा रजिस्ट्रेसन शुल्क | प्रदेशभित्र घर, जग्गा वा घरजग्गा रजिस्ट्रेसन शुल्क निर्धारण गर्न। |
| ५. | ४. | सवारी साधन कर | प्रदेशभित्र दर्ता भएका सवारी साधनले बुझाउनु पर्ने शुल्क तथा दस्तुर निर्धारण गर्न। |
| ६. | ५. | मनोरञ्जन कर | प्रदेशको अधिकार क्षेत्रभित्र उठाइने मनोरञ्जन करलाई व्यवस्थित गर्न। |
| ७. | ६. | विज्ञापन कर | प्रदेशभित्र उठाउने विज्ञापन करलाई व्यवस्थित गर्न। |
| ८. | ७. | कृषि सेवा शुल्क | कृषि क्षेत्रमा उठने राजस्वलाई व्यवस्थित बनाउन। |
| ९. | ८. | पर्यटन शुल्क | प्रदेशभित्र उठाउने पर्यटन शुल्क व्यवस्थित गर्न। |
| १०. | ९. | निर्माण सामग्रीको प्रयोगशाला परिक्षण शुल्क | निर्माण सामग्रीको प्रयोगशाला परिक्षणबाट उठने राजस्व व्यवस्थित बनाउन |

मन्त्री

| | | | |
|---|---|---|---|
| ११. | १०. | दहत्तर बहत्तर शुल्क | प्रदेशभित्र दहत्तर बहत्तरको उपभोगलाई व्यवस्थित बनाउन। |
| १२. | ११. | आवेदन शुल्क | आवेदन शुल्कमा एकरुपता कायम गर्ने। |
| १३. | १२. | राजस्व सम्बन्धी अन्य व्यवस्था | राजस्वका नयाँ क्षेत्र पहिचान गरि रकम संकलन गर्ने |
| १४. | १३. | करको दर घटाउन, बढाउन तथा छुट दिन सकिने | करका दर र शुल्क समयानुकूल बनाउन। |
| १५. | १४. | कर तथा शुल्क मिनाहा सम्बन्धी व्यवस्था | प्रदेशमा कृषि उत्पादन, औद्योगिक उत्पादन तथा सवारी साधन दर्तालाई प्रोत्साहन गर्ने। |
| १६. | १५. | घरजग्गा रजिष्ट्रेशन शुल्कको अन्तरिम प्रशासन | स्थानीय तहमा रहेको स्रोत साधन तथा जनशक्ति अभावलाई व्यवस्थापन गर्ने। |
| १७. | १६. | निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्ने | ऐनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने। |
| १८. | – | अनुसूचीहरू | विधेयकका विभिन्न दफामा गरिएको व्यवस्थालाई पूर्णता दिन। |

मन्त्री

बेदराज सिंह
मन्त्री
आर्थिक मामिला तथा योजना मन्त्रालय
कर्णाली प्रदेश, सुर्खेत